## आर्थिक वर्ष २०७५/०७६

# सोताङ गाउँपालिकाको लागि

## गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी कार्की बस्नेतद्वारा प्रस्तुत

# नीति तथा कार्यक्रम

## सोताङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सोताङ, सोलुखुम्बु

सोताङ १० आषाढ, २०७५

आदरणीय गाउँसभाका अध्यक्षज्यू, सम्पूर्ण सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरु नेपालको संविधान (२०७२) ले परिकल्पना गरेको सघियता कार्यान्वयनको अवस्थामा स्थानिय तहमा रहेका विभिन्न चुनैतीहरूलाइ चिर्दै "जनता, जनप्रतिनिधि तथा कर्मचारीको एकता, समृद्ध सोताङ निर्माणमा हाम्रो प्रतिवद्धता" भन्ने यस गाउँपालिकाको नारालाई आत्मसाथ गर्दै स्थानीय सरकारबाट दोस्रो पटक नीति तथा कार्यक्रम प्रस्त'त गर्न पाउँदा अत्यन्तै ख'सी लागेको छ .

**आगामी आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रमह?:**

१. आफ्नो गाउँ आफै बनाउ भन्ने नारालाई आत्मसाथ गर्दै जनसहभागिताको आधारमा बिकास कार्यलाई अगाडी बढाउने मुल नीति हुनेछ ।

२. कृषिको आधुनिकीकरण र कृषिउपजहरुको बजारीकरणमा योगदान पुर्याउन उपयक्त स्थानमा चिस्यान केन्द्रको स्थापना गर्दै कृषिजन्य तथा नगदेबालीजन्य उत्पादन तथा व्यवसायहरुलाई प्राथिमकता दिइनेछ ।

३. "गाँउ गाउँमा सहकारी घरघरमा भकारी" भन्ने नारालाई आत्मसाथ गर्न सहकारीमा सवै नागरिकहरुको पहुँच पुर्याई कृषिमा योगदान पुर्याउने सहकारीलाई प्रोत्साहित गरिनेछ । साथै वित्तीय क्षेत्रको विकासमा योगदान पुर्याउने नीति लिइनेछ ।

४. कृषिको लागी उर्वरभूमि भएको स्थानहरुमा प्राथमिकिकरणको आधारमा सिंचाइको आवश्यक प्रवन्ध गरिनेछ । एक वडा एक कृषि सेवा क्षेत्र तथा पशुसेवा केन्द्रको लागि जोड दिइन'का साथै व्यवसायिक कृषिका लागि एक वडा एक उत्पादनको अवधारण ल्याइनेछ ।

५. उब्जाउ जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्न "बाँझो जग्गा कर" लगाइने नीति लिइनेछ ।

६. तोकिएको संख्यामा तोकिएका पशुपालन गर्ने कृषक एवम् व्यवसायिक फर्मलाई कार्यविधि बनाइ अनुदानको व्यवस्था गरिनेछ ।

७. विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा जाने बातावरण सिर्जना गरिनेछ । बालमैत्री शिक्षामा जोड दिदै गुणस्तरीय शिक्षाका लागि अंग्रेजी माध्यमबाट शिक्षण गराउने व्यवस्थालाई निरन्तरता दिदै लगिनेछ . सोताङ गाँउपालिकामा स्नातक तह उतीर्ण जनशक्तिलाई अनिवार्य रुपमा ३ महिना सेवा गर्ने प्रावधान मिलाइने छ ।

८. विद्यालय शिक्षालाई प्रविधि मैत्री एवम् प्रविधिको आधारमा शिक्षण गर्ने नीति लिइनेछ .

९. विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा प्रविधि मैत्री सामुदायिक पुस्तकालयको स्थापनाको लागि विशेष व्यवस्था गरिनेछ ।

१०. स्वास्थ्य समूहको गठन गरी स्वास्थ्य चेतना बढाउने र गाउँ गाउँमा घुम्ति शिविरह? संचालन गरी स्वास्थ्य सेवा प्रदान गर्ने नीति लिइनेछ .

११. "सुत्केरी आमा कुपोषण रहित आमा" भन्ने अवधारणा लागु गर्न स्वास्थ्य केन्द्रमा सुत्केरी हुने आमालाई खानाको व्यवस्था गरिनेछ ।

१२. आगामी आ.व. भित्रमा एम्बुलेन्स संचालनको लागी आवश्यक व्यवस्था गरिनेछ ।

१३. योग शिक्षालाई जनातासँग जोड्ने नीति लिइनेछ ।

१४. बिपन्न, गरिब, अपाङ्ग, जेष्ठ नागरिक, दलित तथा एकल महिलाहरुलाइ स्वास्थ क्षेत्र र औषधि उपचारमा सहुलियत प्रदान गरिने छ ।

१५. पर्यटन तथा संस्कृति विकासका लागी पिकनिक स्पोट, पार्क व्यवस्थापन, मठमन्दिरहरु, पुरातात्विक वस्तुहरुको खोज तथा व्यवस्थापनमा सहयोग गरिनेछ । पर्यटक तथा धार्मिक व्यापार व्यवसाय गर्ने सम्पूर्ण संघ संस्थाहरुलाई दर्ता प्रक्रियामा ल्याउने कार्यलाई निरन्तरता दिदै गुणस्तरीय बस्तु तथा सेवा प्रवाहमा सहयोग  पुर्याइनेछ ।

१६. पर्यटकीय स्थलहरुको पहिचान र भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिनेछ ।

१७. ऐतिहासिक महत्व बोकेका पन्चकन्या कालिका मन्दिर, विष्णुमती हलेसी, गुम्बा, पोखरी संरक्षण र भ्यू टावर बनाउन पहल गरिनेछ ।

१८. सम्पूर्ण सम्पदा, सस्कृति एवम् भेषभूषा संरक्षणको लागि साँस्कृतिक संग्रालय संरक्षण गर्ने दिर्घकालिन नीति लिइनेछ ।

१९. गाउँपालिकामा औधौगीक तथा पर्यटकीय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाइ आवश्यक सहयोग र प्रोत्साहन दिने नीती लिइने छ ।

२०. प्रत्येक वडाको केन्द्र रहेको स्थानहरुमा नेपाल टेलीकमबाट टेलिफोन लाईन जडानको लागी जोड दिइनेछ । प्रत्येक वडामा इन्टरनेटको व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्वन्धी कार्य सूचारु गरिनेछ । साथै भन्यखभचलकभलअभ को अवधारणालाई स्थापित गरिनेछ ।

२१. सेवालाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ । साथै सेवा प्रवाहमा विद्युतीय माध्यमबाट हुने सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

२२. सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ । संस्थागत पूर्वाधार विकासमा जोड दिइनेछ । यस गाउँपालिका भित्रका सवै सार्वजिनक निकायहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र राख्नु पर्ने व्यवस्था गरिनेछ ।

२३. सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापनको लागी स्थानीय एफ.एम. हरुसँग समन्वय गरी गाउँपालिकाका सूचनाहरुलाई प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

२४. विभिन्न स्कूल तथा संस्थाह?मा इन्टरनेट सेवाको लागि पहल गरिनेछ साथै वायोमेट्रेक हाजिरीको व्यवस्था गरिनेछ । डिजिटल नोटिस बोर्ड, अडियो नोटिस राख्ने तथा आवश्यकता अनुसार प्रविधिको प्रयोग गर्दै लैजाने ।

२५. यस गाउँपालिका भित्रको सडकको पहुँच नपुगेका स्थानहरुमा सडक पुर्याइनेछ । हाल भई रहेका सडकहरुको स्तरोन्नती गरी कच्ची सडकहरुलाई ग्रावेल गरिनेछ ।

२६. आवश्यक स्थानहरुमा पुल पुलेसाहरु निर्माणमा जोड दिइनेछ साथै छिमिकी गाउँपालिकासँग समन्वय गरी दुधकोशी नदीमा वेली ब्रिजको निर्माण गरिनेछ ।

२७. यस आर्थिक वर्ष भित्र काठे विद्युतिय पोललाई फलामे पोलले विस्थापित गरिनेछ ।

२८. बजार क्षेत्रहरुमा तत्काल र सवै वस्तीहरुमा क्रमशस् फोहोर मैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ । क्वलष्तबचथ बिलम  र्षी क्ष्तभक पहिचान गरी आवश्यक व्यवस्था गरिनेछ । जोखिममा रहेका वस्तीहरुलाई वैकल्पिक स्थानहरुका वस्ती व्यवस्थापन गर्न जोड दिइनेछ ।

२९. जलविद्युत उत्पादन गर्ने कम्पनीहरुलाई सहजीकरण र प्रोत्साहन गरिनेछ । साना तथा लघु जलविद्युत आयोजनाको लागी अनुमति लिई हालसम्म कार्य सूचारु नगरेका कम्पनीलाई १ वर्ष भित्र कार्य सूचारु नगरेमा दर्ता खारेजीको सिफारिस गरिनेछ । वैकल्पीक उर्जाको उपयोगमा जोड दिइनेछ ।

३०. प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने नीति लिइनेछ, यसै आर्थिक वर्षमा उपयुक्त स्थानमा फुटवल मैदान निर्माण गरिनेछ .

३१. युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सिपमुलक तथा व्यवसायीक तालिम प्रदान गरिने छ साथै लक्षित वर्गको क्षमता विकास एवम् रोजगारी मूलक कार्यक्रम संचालन गरिनेछ ।

३२. महिलाहरुको आयआर्जनलाई टेवा पुग्ने खालका सिपमूलक कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३३. दक्ष जनशक्तिको आपूर्तिको लागी स्थानीय स्तरमा आवश्यक पर्ने कार्य गर्न सक्ने जनशक्ति तयार गर्न तालिमहरुको उचित व्यवस्था गरिनेछ । लोकसेवा आयोग तयारी कक्षा लाई निरन्तरता दिदै यसै आ.व.देखि शिक्षक सेवा आयोगका तयारी कक्षाहरु शुरु गरिनेछ ।

३४. उत्कृष्ट शिक्षक, कर्मचारी एवम् व्यवसायीलाई सम्मान गर्ने नीति लिइनेछ .

३५. कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिलाई आवश्यकता अनुसार सूचना प्रविधि क्षमता विकास तालिमहरु संचालन गरिनेछ .

३६. जडिबुटि तथा दुर्लभ वन्यजन्तुको संरक्षण गर्ने नीति लिईनेछ ।

३७. वन तथा भू-संरक्षणको लागी आवश्यक व्यवस्था मिलाई वृक्षरोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी जलाधार क्षेत्रहरुको संरक्षणमा जोड दिइनेछ । बातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ । जलवायु परिवर्तनलाई अनुकुलन हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

३८. बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ कार्यान्वयनमा ल्याई गुणस्तरीय भवन निर्माण गर्ने व्यवस्था मिलाई सामूहिक वस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।

३९. गाउँपालिकाको आर्थिक कारोबारलाई अन्तराष्ट्रिय लेखा मापदण्ड अनुरुप लेखांकन पद्धतीमा राखिनेछ ।

४०. भूमिहिन सुकुम्बासीलाई उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी बसोवासको व्यवस्था मिलाई सुकुम्बासी विहिन गाउँपालिका बनाइनेछ .

४१. राजस्व परिचालनको दायरालाई फराकिलो बनाई विस्तार गरिनेछ ।

४२. वित्तीय अनुशासनलाई कडाइकासाथ पालना गरिनेछ । वित्तीय जोखिम न्यूनिकरणको लागी वित्तीय जोखिम न्यूनिकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ ।

४३. प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ । सामाजिक लेखा परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । विभिन्न निर्देशिकाहरु र कार्यविधिहरुको तर्जुमा गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ । अन्तिम लेखापरीक्षण तथा बेरुजु फर्छौटलाई तोकिएको सम्पन्न गर्ने नीति लिइनेछ ।

४४. यसै आ.व. भित्र बैंकको स्थापना गरिनेछ, वित्तिय चेतनाको लागि वित्तिय साक्षरता अभियान चलाइने छ, साथै एक व्यक्ति एक बैंक खाताको नीति अवलम्बन गरिनेछ .

४५. विभिन्न प्रकृतिका विपत्तिमा परेकाहरुलाई सहयोगका लागि कार्यविधि बनाइ सोही कार्यविधिको आधारमा व्यवस्थित गरिनेछ .

४६. १८ वर्ष मुनीका आमाबुवा गुमाएका बालबालिकालाई शिक्षा, स्वास्थ्य सेवामा प्रोत्साहन गरिनेछ ।

४७. गाउँपालिका कपलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ .

४८. पौष २८ गतेलाई गाउँपालिका दिवशको रुपमा मनाइनेछ .

४९. बाल वालिकाको सर्वाङ्गिण विकास र बाल अधिकार संरक्षण गर्दै सक्षम नागरिक बनाउने पूर्वाधारको रुपमा उपयुक्त स्थानमा बालउद्यनको स्थापना गरिनेछ .

५०. यसै आ.व.मा गाउँपालिका भवन निर्माण र वडा कार्यालयहरु निर्माण गर्न पहल गरिनेछ .

५१. गुणस्तरीय शिक्षा प्रदान गर्न भूगोल, विद्यार्थीहरुको संख्या, समुदायको आवश्यकता, शिक्षक दरबन्दी, भौतिक पूर्वाधार लगायतका आधारहरुलाई मूल्याङ्कन गरी गाउँ शिक्षा ऐन अनुसार विद्यालयहरुमो मर्ज तथा कक्षा अपग्रेड गर्ने नीतिलाई निरन्तरता दिइनेछ .

५२. निजी क्षेत्रलाई प्रोत्साहन गर्ने .

५३. छिमेकी तथा अन्य स्थानीय निकायसँग समन्वय गरी अगाडी बढ्ने नीति ल्याइनेछ .

५४. अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउने गाउँपालिकाका कर्मचारी, सम्पूर्ण वडा समितिका पदाधिकरीहरु, पत्रकारहरु लगायत सम्पूर्ण सोताङवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।